धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
“हामी यता बाट कल गर्छौं”

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १० ◆ २०८३ साउन १० गते आइतबार, Sunday, July 26, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/–

## प्राधिकरणद्वारा मूल्य अभिवृद्धि करबारे आन्तरिक राजस्व कार्यालयसँग राय माग

काठमाडौं । नेपाल विद्युत् प्राधिकरणले आर्थिक ऐन, २०८३ अनुसार असार १ गतेदेखि ३२ गतेसम्मको विद्युत् खपतमा मूल्य अभिवृद्धि कर लाग्ने वा नलाग्ने विषयमा आन्तरिक राजस्व विभागसँग राय मागेको छ ।

प्राधिकरणका कायममुकायम कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले विभागलाई पत्राचार गरेर विद्युत् प्राधिकरणले मासिक रुपमा खपत भएको विद्युत्को रिडिङका आधारमा बिलिङ गर्दै आएकाले असार १ गतेदेखि ३२ गतेसम्मको खपतको बिलिङ २०८३ साउन १ गतेदेखि भएको खण्डमा मूल्य अभिवृद्धि कर आकर्षित हुने वा नहुने विषयमा स्पष्ट पार्न अनुरोध गरेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठले मूल्य अभिवृद्धि करको विषयमा भएको द्विविधाको विषयमा प्रष्ट पार्नका लागि प्राधिकरणसँग अनुरोध गर्नुभएको । मन्त्री श्रेष्ठले नेपाल विद्युत् प्राधिकरणलाई विषयको कानुनी र व्यावहारिक पक्ष स्पष्ट गरी उपभोक्तालाई अन्याय नहुने गरी समाधान खोज्न निर्देशन दिनुभएको थियो। मन्त्री श्रेष्ठले कर कार्यान्वयनका क्रममा उपभोक्तामाथि थप आर्थिक भार पार्न नहुनेमा जोड दिँदै देखिएका अन्योल तत्काल समाधान गर्न निर्देशन समेत दिनुभएको छ ।

## सचिव पौडेलद्वारा डा केसीसँग अनौपचारिक संवाद

सुदूरपश्चिम । शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुणामणि पौडेलले अनसनरत डा गोविन्द केसीसँग सहमतिका लागि संवाद सुरु भएको बताउनुभएको छ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलसँगको समन्वयमा वार्ता तथा संवादमार्फत समाधान खोज्ने उद्देश्यले उहाँ शनिबार धनगढी पुग्नुभएको थियो। सचिव पौडेलले आजै डा केसीसँग उहाँ उपचाररत सेती प्रादेशिक अस्पतालमा पुगेर भेटघाट गर्नुभएको थियो। त्यस क्रममा डा केसी र त्यसपछि उहाँका सहयोगीसँग अनौपचारिक संवाद गरी धारणा बुझिएको र आइतबार उहाँले उठाएका मागबारे औपचारिक संवाद हुने सचिव पौडेलले जानकारी दिनुभयो।

“शनिबार डा केसी र उहाँका सहयोगीसँग संवाद भएको छ । उहाँको धारणा र स्वास्थ्य अवस्थाबारे जानकारी लिएका छौं । आइतबार प्रधानमन्त्रीका स्वास्थ्य सल्लाहकार डा जेपी अग्रवाल र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव यहाँ आएपछि औपचारिक संवाद गरी सहमतिको प्रयास हुनेछ”, रासससँग सचिव पौडेलले भन्नुभयो ।

सरकारले संवाद र सहमतिका माध्यमबाट डा केसीले उठाएका विषयको यथाशीघ्र सम्मानजनक तथा सहमतिपूर्ण समाधान खोज्ने उहाँको भनाइ थियो ।

डा केसी विभिन्न पाँच बुँदे माग राखी तीन दिनदेखि अनसनमा बस्नुभएको छ। उहाँको स्वास्थ्यमा समस्या आएपछि अनशनस्थल धनगढीको कृष्ण मन्दिर धर्मशालाबाट शनिबारै सेती प्रादेशिक अस्पतालमा उपचारका लागि राखिएको छ। कैलालीका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले डा केसीसँग शनिबार सचिव पौडेलसहित सामान्य संवाद भएको कुरा बताउनुभयो ।

## अन्तरविद्यालय कला प्रतियोगिता विद्यार्थी पुरस्कृत

काठमाडौं । भीमसेनस्थानस्थित द रोलिङ स्टोन्स स्कुलद्वारा आयोजित अन्तरविद्यालय कला प्रतियोगितामा विभिन्न तहमा विद्यार्थीहरू पुरस्कृत भएका छन् ।

प्रतियोगितामा युकेजी तहमा वेविजोन प्रि-स्कुल कलङ्कीकी साइरा महर्जन प्रथम, स्पोन्ज लर्नस मन्टेश्वरी चागलकी रेबिया सिल्पकार द्वितीय, जुबिलियन्ट स्कुल कालीमाटीकी स्वस्तिक मुखिया तृतीय भएका थिए । कक्षा १-३ तहअन्तर्गत स्मल हेवन स्कुलका डेनियल शाही प्रथम, जुबिलियन्ट सेकेन्डरी स्कुल कालीमाटीका सिम्रन श्रेष्ठ द्वितीय र जगत सुन्दर बोनेकोथीका मीना तामाङ तृतीय भएका छन् । कक्षा ४-७ तहबाट द रोलिङ स्टोन्सका एलेक्स तामाङ प्रथम, होलिभिजन बोर्डिङका सत्यम श्रेष्ठ द्वितीय र स्मल हेवनका लिप्सा श्रेष्ठ तृतीय भएका छन्। कक्षा ८-१० तर्फबाट जगत सुन्दर बोनेकुथेका रियाना तामाङ प्रथम, चामुण्डा बोर्डिङकी अनिता प्रजा द्वितीय र दिव्यज्ञान सेकेन्डरी स्कुलका विशाल शाह तृतीय भएका थिए । कामना परिवारको सामाजिक उत्तरदायित्व (सिएसआर) कार्यक्रम अन्तर्गत आयोजित प्रतियोगितामा काठमाडौंका करिब एक दर्जन विद्यालयका विद्यार्थीहरूको सहभागिता रहेको थियो । कार्यक्रमका वरिष्ठ कलाकार किरण मानन्धर निर्णायकका रूपमा रहनुभएको थियो ।

## रसुवाको भोटेकोसीमा गाडीसहित चालक बेपत्ता

काठमाडौं । चीनबाट आयात भएको एसआरएम कम्पनीबाट निर्मित विद्युतीय इभी शनिबार साँझ भोटेकोसीमा खस्दा चालकसहित इभी बेपत्ता भएको छ ।

रसुवाका सहायक प्रजिअ दुवप्रसाद अधिकारीका अनुसार सवारीसाधनसँगै बेपत्ता हुनेमा रसुवा जिल्ला कालिका गाउँपालिका-३ निवासी २२ वर्षीय सविन तामाङ रहेका छन्। सो सवारीसाधन भन्सार जाँचपास गराई काठमाडौं ल्याउने क्रममा गोसाइँकुण्ड गाउँपालिका-५ स्याफ्रुबेंसीको दक्षिण चिलिमे जलविद्युत् केन्द्र नजिक भोटेकोसीमा खसेको सहायक प्रजिअ अधिकारीले बताउनुभयो। प्रहरी बलका सुरक्षा निकाय परिचालन गरिएको र भौगोलिक असहजतालाई कुनै प्रवाह नगरी खोजीकार्य तीव्र रूपमा भइरहेको समेत सहायक प्रजिअ अधिकारीले बताउनुभयो।

## बुध्दले थप्यो नयाँ सिरिजका एटीआर विमान एटीआर-७२-६००

❑ *प्रत्यूष समाचारदाता*




काठमाडौं। बुध्द एयरले शनिबार एटीआर-७२-६०० विमान भित्र्याएको छ। कम्पनीले जारी गरेको विज्ञप्तिअनुसार आवश्यक प्रक्रिया पूरा गरी अर्को महिनादेखि उडान गरिनेछ ।

बुध्द एयरले कल साइन ९ एन-एओएस विमान फ्रान्सको तुलुसबाट ल्याएको हो। यो एटीआर-७२-६०० विमानमा उडान प्रणाली (एभियोनिक्स) पूर्ण ग्लास ककपिट, आधुनिक नेभिगेशन प्रणाली, डिजिटल फ्लाइट म्यानेजमेन्ट र उन्नत सुरक्षा प्रणाली रहेको जनाएको छ। यस सिरिजका विमान कम इन्धन खपत गर्नाले यो वातावरण मैत्री मानिन्छन् ।

बुद्ध एयरले आयात गरेको एटीआर-७२-६०० सिरिजको विमानमा आरएनपी-एआर एप्रोच प्रणाली जडान गरिएको छ। उक्त प्रणालीको सहयोगमा काठमाडौं र भैरहवा विमानस्थलमा करिब ९०० मिटर भिजिबिलिटीमा पनि विमानलाई सुरक्षित रूपमा अवतरण गराउन सकिन्छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा पनि आरएनपी-एआरमा आधारित उडान प्रक्रिया कार्यान्वयनका लागि अध्ययन गरिरहेको छ। यो प्रक्रिया लागू भएपछि करिब २००० मिटर भिजिबिलिटी रहेको अवस्थामा बुध्द एयरको यस विमानले सुरक्षित उडान र अवतरण गर्न सम्भव हुने देखिएको छ। कम भिजिबिलिटीका कारण हुने उडान ढिलाइ र अवरोधहरू घट्नेछन् बुध्द एयरको विश्वास छ। यसबाट उडान सुरक्षा कायम रहनुका साथै हवाई सेवाको गुणस्तर र विश्वसनीयता पनि बढ्नेछ। हाल ‘इन्स्ट्रुमेन्ट ल्याण्डिङ सिस्टम’ (आइएलएस) प्रक्रियाअनुसार पोखराका लागि ३१०० मिटर तथा काठमाडौं र भैरहवाका लागि १६०० मिटर ‘भिजिबिलिटी’ आवश्यक पर्छ। बुध्द एयरले आगामी अगष्टको अन्तिमतिर एक एटीआर-७२-६०० सिरिजको विमान ल्याउनेसमेत जानकारी दिएको छ ।

त्यसैगरी आगामी केही महिनाभित्र यस्तै, सिरिजका थप दुई विमान पनि ल्याउने भित्र्याउने योजनाअनुसार कार्य गरिरहेको छ ।

## नेपाल बाल संगठनको बाल मन्दिरमा पुनःसंरचनाको काम सुरु

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीको निर्देशनपछि नक्सालस्थित नेपाल बाल सङ्गठनको बाल मन्दिरमा पुनःसंरचना तथा पूर्वाधार सुधार कार्य सुरु गरिएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँगको समन्वयमा शनिबार आयोजना प्रमुख, निर्माण कम्पनी तथा प्राविधिक टोलीको उपस्थितिमा ढल निर्माण कार्यबाट पुनःसंरचनाको औपचारिक सुरुआत गरिएको मन्त्री वादीको सचिवालयले जनाएको छ । गत साता मन्त्रालयले प्राप्त उजुरी तथा सार्वजनिक भएका भिडियो सामग्रीका आधारमा गरेको स्थलगत अनुगमनका क्रममा बाल मन्दिरको भौतिक अवस्था अत्यन्त जीर्ण रहेको, भवनभित्र पानी जम्ने, प्रभावकारी ढल निकासको व्यवस्था नहुँदा दुर्गन्ध फैलिएको, शौचालय तथा स्नान गृह प्रयोगयोग्य नरहेको, सरसफाइ अत्यन्त कमजोर रहेको तथा विभिन्न उमेर समूहका बालबालिकालाई एउटै स्थानमा राखिएको अवस्था फेला परेको थियो ।

बालबालिकाको स्वास्थ्य, सुरक्षा र संरक्षणमा गम्भीर जोखिम देखिएपछि मन्त्रालयले तत्काल हस्तक्षेप गर्दै पहिलो चरणमा दुई वर्षमुनिका २० जना बालबालिकालाई सुरक्षित स्थानमा स्थानान्तरण गरेको थियो । उद्धारपश्चात् मन्त्री वादीले बालमन्दिरको भौतिक अवस्था तत्काल सुधार गरी बालबालिकाका लागि सुरक्षित, स्वच्छ र व्यवस्थित वातावरण सुनिश्चित गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभएको थियो । सोही निर्देशन कार्यान्वयन स्वरूप आजदेखि पुनःसंरचनाको काम सुरु गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार पहिलो चरणमा ढल व्यवस्थापनको काम अघि बढाइएको छ । त्यसपछि भवन मर्मत, क्षतिग्रस्त संरचनाको पुनःनिर्माण, शौचालय तथा स्नानगृह स्तरोन्नति, सरसफाइ व्यवस्थापन, सुरक्षित खानेपानीको व्यवस्था तथा बालमैत्री पूर्वाधार निर्माणको काम क्रमिक रूपमा अघि बढाइनेछ । मन्त्री वादीले आयोजना प्रमुख र निर्माण कम्पनीलाई आगामी दसैंअघि सम्पूर्ण पुनःसंरचना तथा पूर्वाधार सुधारका काम गुणस्तरीय रूपमा सम्पन्न गरी बाल मन्दिरलाई सुरक्षित, स्वच्छ, व्यवस्थित र बालमैत्री संरक्षण केन्द्रका रूपमा सञ्चालनमा ल्याउन निर्देशन दिनुभएको मन्त्रालयले जनाएको छ। मन्त्रालयले बाल संरक्षणसँग सम्बन्धित पूर्वाधारमा देखिएका कमजोरीलाई सुधार गर्दै राज्यको संरक्षणमा रहेका प्रत्येक बालबालिकाले सुरक्षित, सम्मानजनक र गुणस्तरीय वातावरणमा हुर्किन पाउने अधिकार सुनिश्चित गर्ने प्रतिबद्धताअनुसार सुधारका कामलाई निरन्तरता दिइने जनाएको छ ।


## अनलाइन ठगीमा संलग्न भारतीय नागरिकसहित दुई जना पक्राउ

गण्डकी । जिल्ला प्रहरी कार्यालय, कास्कीले अनलाइन ठगीमा संलग्न रहेको आरोपमा एक भारतीय नागरिकसहित दुई जनालाई पक्राउ गरेको छ ।

अनलाइन माध्यमबाट विदेश भ्रमण र रोजगारीको प्रलोभन देखाएर सर्वसाधारणबाट रकम असुल्ने सप्तरीको कञ्चनपुर नगरपालिका-१२ का २६ वर्षीय विवेक रेग्मी र भारतको कर्नाटक राज्यका ३० वर्षीय मोहम्मद याशिरलाई शुक्रबार नियन्त्रणमा लिइएको हो ।

पोखरा महानगरपालिका-५, प्रस्याडस्थित भाडाको घरमा सञ्चालित कार्यालयबाट एसिया तथा युरोपका विभिन्न देश घुमाउन लैजाने भन्दै अनलाइनमार्फत विभिन्न व्यक्तिलाई सम्पर्क गरी ठगी भइरहेको सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरी कानुनी कारबाहीको दायरामा ल्याइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो ।

प्रारम्भिक अनुसन्धानका क्रममा उनीहरूले ‘ओएसिस टुरिजम इन्टरनेसनल’ नामक संस्था स्थापना गरी विदेश भ्रमण, उपहारलगायत आकर्षक योजना देखाई कुपन भराएर रकम असुल्ने गरेको खुलेको प्रहरीले जनाएको छ ।



हालसम्म ३० जनाबाट करिब नौ लाख ६६ हजार रूपैयाँ ठगेको र १५ जना बेरोजगार युवायुवतीलाई रोजगारीको प्रलोभन देखाएर उक्त कार्यमा संलग्न गराएको पाइएको प्रहरीको भनाइ छ। पछिल्लो समय अनलाइन ठगीको घटना बढ्दै गैरहेको बेला प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो । प्रहरीले उनीहरूको साथबाट दुई थान कम्प्युटर, आठ थान विभिन्न रजिस्टर तथा अभिलेख पुस्तिका, छ थान रसिद, चार थान स्टयाम्प तथा विभिन्न व्यक्तिका नाममा काटिएका रसिदका अर्धकट्टी बरामद गरेको छ ।

सम्पादकीय ....

## सरकारको भूमिका महत्वपूर्ण

सामाजिक सहभागिताबिनाको अवस्थामा रहँदा अपाङ्गता भएका व्यक्तिलाई सामाजिक विभेद भएको र बहिष्करणमा परेको अनुभूति हुने हुँदा नकारात्मक सोच, पूर्वाग्रही व्यवहार हुन गई सामाजिक विद्रोह वा भड्काउ हुन सक्छ । अपाङ्गता भएका व्यक्तिको अनुकूलतामा शिक्षाको व्यवस्था हुन नसक्दा समाजमा अशिक्षित वर्ग मौजुदा रहने साथै बेरोजगारीपनले व्यक्ति र परिवारमा हुने तनावका कारण समाज नै आघातिक हुन पुग्छ । अपाङ्गता भएका व्यक्तिको स्वास्थ्यमा आउने जटिलताले परिवारमा अतिरिक्त समय, श्रम र आर्थिक खर्च बढी हुन्छ जसले गर्दा खस्किँदो पारिवारिक अवस्थाले समाजमा झनै दयनीय बन्न पुग्छ । व्यक्तिभित्रको प्रतिभा दबिन्छ साथै समावेशी समाजको अस्तित्वमाथि प्रश्नचिह्न लाग्छ । स्वच्छ समाज विकासका गति सुस्त हुन गई न्याय र समावेशी लक्ष्य हासिल हुन कठिन हुन्छ ।

आनुवंशिक अपाङ्गताको रोकथाम गर्न सम्भवै छैन तर गर्भवती, प्रसूति र बाल्यावस्थामा स्वास्थ्य सेवाको पहुँच पुर्‍याउन सकेमा अपाङ्गताको सम्भावना कम हुन्छ । दुर्घटनामा प्राकृतिक प्रकोप, युद्ध, हिंसा इत्यादिमा परेर पनि अपाङ्गता बढ्ने अवस्था रहन्छ । जनस्वास्थ्य, पोषण, शिक्षा, अपाङ्गताको अवरोध रोकथामबारे जानकारीको अभाव हुँदा पनि समस्या बल्झिरहन्छन् । वातावरणीय प्रदूषण हानिकारक रसायनका निकटमा रही बस्न र काम गर्नपर्ने व्यक्तिमा अपाङ्गताको जोखिम बढिरहन्छ । उमेर अवस्थाले ज्येष्ठ नागरिकमा ल्याउने अपाङ्गता जस्तै दृष्टिशक्ति, श्रवणशक्तिमा कमी हिँडडुल र स्मरणशक्तिमा पनि कमी भई असक्षमताको अवस्थामा केही समस्या देखा पर्छन् ।

अपाङ्गतालाई हेर्ने दुई दृष्टिकोण छन् । पहिलो, चिकित्सकीय दृष्टिकोण अनुसार अपाङ्गता व्यक्तिको शरीर वा मस्तिष्कको त्रुटि वा रोग भन्ने मानिन्छ । दोस्रो, सामाजिक दृष्टिकोण अनुसार अपाङ्गता भएका व्यक्तिको शरीरमा नभई परिवार, समाजमा रहेको सोच र व्यवहारलाई मानिन्छ । यसरी बुझ्न सकिने जुनसुकै अपाङ्गता र त्यसमा देखापर्ने अवरोध पहिचान गर्न सकेमा अपाङ्गताको असर वा त्यहाँ सिर्जना हुने असहजपनको न्यूनीकरण गर्न सकिन्छ ।

अपाङ्गता भएका व्यक्तिलाई परिवर्तन गर्नेभन्दा परिवार समाजलाई पहुँचयोग्य र समावेशी बनाउने दृष्टिकोण अपनाउँदा उनीहरूले सम्मानजनक स्वतन्त्र र उन्नत जीवनयापन गर्न सक्ने वातावरण निर्माण हुन्छ । अपाङ्गता भएका प्रत्येक व्यक्तिले आफ्नो परिवार, घर, समाज र राज्यबाट अन्य व्यक्ति सरह सम्पूर्ण आधारभूत आवश्यकताको परिपूर्ति गर्ने र सम्मानपूर्वक बाँच्ने हक अधिकार राख्छन् । यसका लागि परिवारका सदस्य, समाज र विभिन्न सङ्घ संस्था, विद्यालयलगायत सम्पूर्ण स्थानमा अपाङ्गतामैत्री वातावरण बन्नु पर्छ जहाँ उनीहरूले सहज तरिकाले जीवन क्रियाकलाप गर्न सक्छन् । उनीहरूलाई हेर्ने, बुझ्ने र उनीहरूप्रति गर्नुपर्ने व्यवहार अपाङ्गताको प्रकृति अनुसार अत्यन्त सम्मानजनक र मानव अधिकारले पूर्ण हुनु पर्छ । उनीहरूका अवरोध हटाई थप सुविधा मिल्ने वातावरण बनाउन मुख्य गरी परिवारकै भूमिका हुन्छ । अभिभावक, परिवारका सदस्य, समाज, विद्यालय र सरकारको भूमिका पनि त्यत्तिकै अपरिहार्य र महत्वपूर्ण हुन्छ ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## सफा सहर’को साख जोगाउन कठिन

संगीता राइ

धरान उपमहानगरपालिका-१५ का स्थानीय विनोद राई भन्नुहुन्छ, “गर्मी र वर्षाको समयमा फोहर दुर्गन्धित भएर चारकोसे जङ्गलको बाटो यात्रा गर्नै कठिन हुन्छ । त्यही फोहरबाट निस्किने झिँगा र लामखुट्टेका कारण घरमा बालबालिका बिरामी पर्ने जोखिम उच्च छ । कहिले फोहर जलाएको धुवाँले त कहिले दुर्गन्धले गर्दा बाटोमा हिँडिसक्नुहुँदैन ।” पहिले ‘सफा हरित सहर’ भनेर चिनिने धरानमा अहिले नाक थुनेर हिँड्नुपर्ने अवस्था छ । उपमहानगरपालिकाले यसको दीर्घकालीन समाधान बेलैमा खोज्नु आवश्यक छ । उहाँले भन्नुभयो, “कुनै समय मुलुककै सफा, सुन्दर र व्यवस्थित सहरको पहिचान बनाएको धरान उपमहानगरपालिकामा अहिले फोहरमैला व्यवस्थापनको सङ्कट चुलिएको छ । धरानबाट दैनिक रूपमा सङ्कलन हुने फोहरको वैज्ञानिक र दीर्घकालीन व्यवस्थापन गर्न नसक्दा वातावरणीय प्रदूषण तीव्र रूपमा बढ्दै गएको छ ।”

धरान उपमहानगरपालिकाका नगर प्रमुख अइन्द्रविक्रम बेघाले स्थानीयस्तरबाट ठूलो बजेट विनियोजन गर्न नसकिएका कारण वैकल्पिक ऊर्जा र फोहर व्यवस्थापनको क्षेत्रमा समस्या देखिएको बताउनुभयो । धरानमा सौर्य ऊर्जा र फोहरबाट ऊर्जा उत्पादन गर्ने प्रचुर सम्भावना भए पनि नीतिगत अस्पष्टता र लगानीको अभावका कारण समस्या देखिएको उहाँको भनाइ छ । स्थानीयस्तरमा फोहरलाई स्रोतमै कुहिने र नकुहिने गरी वर्गीकरण गरेर उचित प्रयोग गर्नसके त्यहीँबाट ऊर्जा प्रवर्द्धन गर्न सकिन्थ्यो । नगर प्रमुख बेघाले भन्नुभयो, “प्रविधि महँगो हुनु र स्थानीय सरकारसँग पर्याप्त बजेट नहुँदा यो सम्भव हुन सकेको छैन ।”

परम्परागत इन्धन र केन्द्रीय प्रसारणको बिजुलीमा मात्र भर नपरी यसका लागि उपमहानगरपालिकाले नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि छुट्टै कोष स्थापना र ठोस कार्यनीति ल्याउनु आवश्यक रहेको उहाँले बताउनुभयो । फोहरमैला व्यवस्थापनसँगै बायोग्यास ग्यास उत्पादन गर्ने भनी धरान-६ मा फोहरमैला प्रशोधन केन्द्र स्थापना गरिएको थियो अहिले उक्त केन्द्र बन्द भएपछि नगरभित्र सङ्कलन गरिएको फोहरमैला धरान उपमहानगर पालिका-१५ स्थित बाझगरा सामुदायिक वन क्षेत्रको सेउती खोला किनारमा जथाभाबी विसर्जन (डम्पिङ) गर्ने गरिएको छ ।

अव्यवस्थित फोहरका कारण धरानको जैविक विविधताले भरिएको वन क्षेत्र र आसपासका मानव बस्तीहरू प्रत्यक्ष सङ्कटमा परेका छन् । फोहर विसर्जन गर्ने क्षेत्र वैज्ञानिक र व्यवस्थित नहुँदा स्थानीय समुदाय, रैथाने वनस्पति तथा वन्यजन्तुले बहुआयामिक चुनौती सामना गरिरहेको बाझगरा सामुदायिक वन उपभोक्ता समितिका उपाध्यक्ष कुमार भारतीले बताउनुभयो । यो गम्भीर समस्याबारे हामीले उपमहानगरपालिकालाई पटकपटक ध्यानाकर्षण गराए पनि अहिलेसम्म कुनै ठोस र दिगो समाधान अघि बढ्न सकेको छैन । उहाँले भन्नुभयो, “धरानको फोहरमैलाको दीर्घकालीन व्यवस्थापनका लागि विगतमा प्रयास नभएका भने होइनन् । करोडौंको निजी लगानीमा धरान उपमहानगरपालिका-६ पानबारीमा ‘भेन्चर वेस्ट टु इनर्जी’ प्रालिले फोहर प्रशोधन केन्द्र निर्माण गरेको थियो ।” वार्षिक आम्दानीको एक प्रतिशत नगरपालिकालाई प्रदान गर्ने र २० वर्षपछि उपमहानगरपालिकालाई नै उक्त केन्द्र हस्तान्तरण गर्ने सम्झौतासहित २०७८ सालमा निजी क्षेत्रको लगानीमा निर्मित उक्त केन्द्रको उद्घाटन पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गर्नुभएको थियो । दैनिक दुई हजार केजी ग्यास र जैविक मल उत्पादन गर्ने तथा उत्पादित ग्यासबाट धरानका चार सयभन्दा बढी टेम्पो सञ्चालन गर्ने लक्ष्यका साथ सञ्चालनमा ल्याइएको उक्त केन्द्र अहिले पूर्ण रूपमा बन्द भएपछि वैकल्पिक ऊर्जा प्रवर्द्धन साथै फोहरमैला व्यवस्थापनमा समस्या भएको छ । करोडौंको लगानीमा बनेको प्रशोधन केन्द्र प्राविधिक तथा विविध व्यवस्थापकीय कमजोरीका कारण बन्द भएपछि धरानबाट निस्कने फोहर पुनः जङ्गल र खोला किनारमा फाल्न थालिएको हो ।

अव्यवस्थित फोहरका कारण वन क्षेत्रमा आइपर्ने सबैभन्दा प्रमुख र तत्कालीक खतरा डढेलो बनेको छ । सङ्कलन गरिएको फोहरमा लापरवाहीपूर्वक आगो लगाइँदा जुनसुकै बेला वनमा डढेलो सल्किने उच्च जोखिम रहेको उपाध्यक्ष भारतीको भनाइ छ । यसका साथै सो क्षेत्र पछिल्लो समय वन्यजन्तु शिकारीहरूको रोजाइमा पर्न थालेको छ । “रातिको समयमा जङ्गली जनावरहरू खानेकुराको खोजीमा फोहर विसर्जन स्थलसम्म आउने गर्छन् । त्यो समयमा शिकारीहरूले पासो थाप्ने र सिकार गर्ने गरेको पाइएको छ”, उपाध्यक्ष भारतीले भन्नुभयो ।

वन्यजन्तु मात्र नभएर यो क्षेत्र मानव सुरक्षा र कानुनी दृष्टिकोणले अत्यन्तै संवेदनशील बन्दै गएको छ । फोहर विसर्जन स्थल र धरानको मुख्य बजार क्षेत्रको भौगोलिक दूरी नजिक भएकाले त्यहाँबाट फैलिने रोगवाहक झिँगा र कीराहरू सजिलै मानव बस्तीसम्म पुग्ने गरेका छन । यसले आसपासका क्षेत्रमा सङ्क्रामक महामारीको जोखिम बढाएको उपाध्यक्ष भारतीले बताउनुभयो ।

धरानको अव्यवस्थित फोहरको असर छिमेकी स्थानीय तहसम्म समेत पुग्न थालेको छ । फोहरबाट निस्कने तीव्र दुर्गन्ध र प्लास्टिकजन्य फोहर जलाउँदा निक्लने विषाक्त धुवाँ हावाको माध्यमबाट इटहरी उपमहानगरपालिकाको तरहरा क्षेत्रसम्म पुग्ने गरेको छ । वर्षायाममा बाढीले फोहरको थुप्रो बगाएर तल्लोतटीय क्षेत्रका किसानहरूको खेतीयोग्य जमिनमा पुर्‍याउँदा बालीनाली नष्ट हुनुका साथै माटोको उर्वराशक्ति समेत कमजोर बन्ने खतरा बढेको छ ।

धरान उपमहानगरपालिकामा लामो समयदेखि बहस र चिन्ताको विषय बन्दै आएको फोहर व्यवस्थापनको मुद्दा अहिले आएर वातावरणीय सङ्कट मात्र नभई वन संरक्षण र सार्वजनिक सुरक्षाका लागि समेत गम्भीर चुनौती बनेको धरान उपमहानगरपालिकाका पूर्व उपप्रमुख मन्जु भण्डारीले बताउनुभयो । पूर्वउपप्रमुख भण्डारीले भन्नुभयो, “फोहर विसर्जन स्थल र प्राकृतिक वन क्षेत्रको निकटताका कारण बहुआयामिक समस्याहरू निम्तिएका छन । फोहरमैला व्यवस्थापनमा धरान उपमहानगरपालिका चुकेको छ यसमा स्थानीय प्रशासन र सरोकारवाला निकायको ध्यान जानु आवश्यक छ ।” धरान नगरको प्रमुख चुनौतीको रूपमा रहेको फोहर व्यवस्थापनलाई प्रभावकारी बनाउन उपमहानगरले नयाँ ‘डम्पिङ साइट’ र ‘ट्रिटमेन्ट साइट’ खोजी गरी ठोस कार्ययोजना अघि सार्नुपर्ने उहाँको भनाइ छ ।

देशभरका कार्यपालिकाले फोहरमैला व्यवस्थापनमा सामान्य प्रशासनिक काम गरिरहेको भए पनि यस्ता आधुनिक प्रशोधन केन्द्रहरू नेपालमा बिरलै बन्ने गरेका छन् । उहाँले भन्नुभयो, “यसलाई पुनः सञ्चालन गर्न सके धरानले फोहरमैला व्यवस्थापन र वैकल्पिक ऊर्जा उत्पादनमा देशकै लागि नमुना मोडेल प्रस्तुत गर्न सक्ने छ ।” फोहरमैला व्यवस्थापनका नाममा मात्र नगर पालिकाले ट्र्याक्टर खरिद र सफाइ कर्मचारीको तलबमा वार्षिक रूपमा करोडौँ खर्च गर्ने गरेको छ । यदि निजी क्षेत्रलाई फोहरमैला प्रशोधनको जिम्मेवारी दिएर समन्वय मात्र गर्ने हो भने यो खर्च कटौती भई उपमहानगरपालिकाको आम्दानीमा वृद्धि हुने उहाँले बताउनुभयो ।

अहिले व्यवस्थित प्रशोधन केन्द्र नहुँदा जङ्गलमा जथाभाबी फालिएको र जलाइएको फोहरले वन्यजन्तु, बोटबिरुवा र मानव स्वास्थ्यमा गम्भीर असर पुर्‍याएको छ । वन क्षेत्रमा फोहर फाल्दा नयाँ पालुवा पलाउँदै गरेका बोटबिरुवा मासिने र फोहर फालिएका वरपरका बोटबिरुवा मरिसकेका छन् चराचुरुङ्गी र जनावर विस्थापित भएका छन जसले गर्दा वन्यजन्तुको प्राकृतिक चक्र बिग्रँदो छ । साथै, फोहर जलाउँदा निस्कने धुवाँका कारण स्थानीय नागरिकको स्वास्थ्यमा समेत गम्भीर असर परेको उहाँको भनाइ छ ।

प्रविधिको सही प्रयोग गरेर कुहिने फोहरबाट बायोग्यास र नकुहिने प्लास्टिकजन्य फोहरबाट अलकत्रा वा अन्य उपयोगी सामग्री बनाउने उद्योगलाई प्रोत्साहन गर्नुपर्ने पूर्वउपप्रमुख भण्डारीको सुझाव छ । यसबाट धरानमा दैनिकरूपमा सङ्कलन हुने फोहरको दीर्घकालीन व्यवस्थापन हुनुका साथै वैकल्पिक ऊर्जाको प्रवर्द्धन भई अतिरिक्त आम्दानी गर्न सकिने उहाँले बताउनुभयो । २०७८ सालमा निर्माण सम्पन्न भई सञ्चालनमा आएको उक्त केन्द्रबाट जैविक मल र बायोग्यास उत्पादन सुरु भएर दुई वर्षसम्म सञ्चालन गरिएको थियो तर हाल यो परियोजना पूर्णरूपमा ठप्प बनेको हो ।

परियोजनाका निर्माण कन्सल्टेन्ट इन्जिनियर विवेक अग्रवालका अनुसार सङ्घीय सरकारको रु छ करोड अनुदानसहित करिब रु २७ करोडको लागतमा करिब एक बिघा जमिनमा प्रशोधन केन्द्र निर्माण गरिएको थियो ।

धरान मात्र नभएर समग्र सहरी क्षेत्रकै सबैभन्दा ठूलो चुनौती अहिले प्लास्टिकजन्य फोहर बन्न पुगेको छ । विगत १० देखि १५ वर्षअघिको तथ्याङ्क हेर्दा कूल फोहरमा प्लास्टिकको हिस्सा १० देखि १५ प्रतिशतको हाराहारीमा मात्र हुने गरेकोमा गत वर्ष गरिएको एक अध्ययनले यो मात्रा बढेर २५ प्रतिशतभन्दा माथि पुगेको अधिकृत घिमिरेको भनाइ छ । प्लास्टिकजन्य फोहरको यो अत्यधिक वृद्धिलाई रोक्न र व्यवस्थापनलाई दिगो बनाउन अब उपमहानगरपालिकाले फोहरलाई स्रोतमै वर्गीकरण गर्ने रणनीति बनाउने उहाँले बताउनुभयो । पुनःप्रयोग वा रिसाइकल हुनसक्ने फोहरलाई घर र टोलस्तरमै छुट्याएर बाँकी रहेको फोहरलाई मात्र डम्पिङ साइटमा लैजाने गरी नयाँ योजना अघि सारिने उहाँले बताउनुभयो ।

**लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं**

- लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- लागुऔषध प्रयोग नगरौं/नगराऔं ।

लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं

नेपाल सरकार,
विज्ञापन वोर्ड

# अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयकले लोपोन्मुख सम्पदाको जगेर्ना गर्नेछ : सभामुख अर्याल

काठमाडौं । सभामुख डोलप्रसाद अर्यालले 'अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१' ले नेपालको अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन, विकास तथा पुस्तान्तरणलाई कानुनी आधार प्रदान गर्ने बताउनुभएको छ ।

छिन्नलता गीत पुरस्कार गुठीद्वारा शनिबार आयोजित '४४औं छिन्नलता गीत पुरस्कार' समर्पण समारोहमा उहाँले विधेयकमार्फत विभिन्न जाति, भाषा, धर्म, संस्कृति र समुदायका मौलिक परम्परा, ज्ञान, सीप, कला र सांस्कृतिक अभिव्यक्तिको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन हुने विश्वास व्यक्त गर्नुभयो ।

"विधेयकमा राष्ट्रिय तथा अन्तराष्ट्रिय सूचीकरण, समुदायको सहभागिता, सङ्घ, प्रदेश, स्थानीय तहबीच समन्वय, अनुसन्धान, 'डिजिटल' अभिलेख तथा संरक्षण कार्यक्रम सञ्चालनका प्रावधान समावेश छन्", सभामुख अर्यालले भन्नुभयो ।

संसद्को अन्तरराष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिमा छलफलका क्रममा रहेको विधेयकमा सांस्कृतिक सम्पदाको व्यावसायिक प्रयोग गर्दा सम्बन्धित समुदायको हित संरक्षण, उल्लङ्घनमा कानुनी कारवाही र दण्ड जरिवानाको व्यवस्था गरिएको स्पष्ट पार्नुभयो । "विधेयकले लोपोन्मुख सम्पदाको संरक्षण, सांस्कृतिक पहिचान र राष्ट्रिय एकताको सुदृढीकरण, युनेस्कोको सूचीकरणको आधार निर्माण तथा सांस्कृतिक पर्यटन सिर्जनाको उद्योग र रोजगारी प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ", सभामुखले भन्नुभयो । छिन्नलता गीत पुरस्कार गुठी नेपाली गीतकार तथा स्रष्टा रमोलादेवी शाह 'छिन्नलता' को सिर्जनात्मक योगदान र स्मृतिसँग जोडिएको उल्लेख गर्दै उहाँले छिन्नलता गीत पुरस्कारले नेपाली गीत सङ्गीत क्षेत्रमा निरन्तरता, उच्चस्तर र सिर्जन शीलतालाई प्रोत्साहन गर्दै आएको धारणा राख्नुभयो । सभामुख अर्यालले कलाकार र स्रष्टाको योगदानलाई सम्मान गर्ने वातावरण निर्माण गर्नु राज्य र समाज दुवैको साझा दायित्व भएको बताउनुभयो । "नयाँ पुस्तामा नेपाली भाषा, मौलिक संस्कृति, सङ्गीत र सिर्जनाप्रति रुची जगाउनु आजको आवश्यकता हो", उहाँले भन्नुभयो, "नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकासका लागि आवश्यक नीतिगत तथा कानुनी वातावरण निर्माण गर्न प्रतिबद्ध हुनुपर्दछ ।" समारोहमा सभामुख अर्यालले वरिष्ठ हाँस्यव्यङ्ग कलाकार मदनकृष्ण श्रेष्ठ, गीतकार डा नवराज लम्साल, सङ्गीतकार किरण कँडेल, गायिका विमला राई र सारिका घिमिरेलाई पुरस्कार प्रदान गर्नुभएको थियो ।

# पशुपति क्षेत्रमा तेस्रो हप्ताको सफाइ

काठमाडौं । आराध्यदेव भगवान् श्री पशुपतिनाथ विराजमान हुनुभएको पशुपति क्षेत्रमा साउनको दोस्रो सोमबारको तयारीस्वरूप सफाइ गरिएको छ ।

पशुपति क्षेत्र विकास कोषले साउनको सोमबारको तयारीस्वरूप विगत तीन हप्ताअघिको शनिबारदेखि सफाइ अभियान सुरु गरेको हो । सफाइको तेस्रो साता शनिबार पनि पशुपति क्षेत्रका विभिन्न स्थानमा सफाइ गरिएको कोष सञ्चालक परिषद् सदस्य रहनुभएका स्थानीयवासी एवं पशुपतिका भण्डारी केदारमान भण्डारीले जानकारी दिनुभयो ।

शनिबारको सफाइका क्रममा दर्शनका लागि भक्तजन लाम बस्ने चारै ढोकाअघिको क्षेत्र एवं मूल ढोका प्रवेश मार्ग क्षेत्रमा पनि सफाइ गरिएको उहाँले बताउनुभयो । भकुण्डोल, वनकाली, हंसमण्डप, पञ्चदेवल पूर्व हुँदै राजराजेश्वरी, क्रियापुत्री भवन, सुमार्गी भवनका साथै कपाली समुदायको समाधिस्थललगायत क्षेत्रमा पनि सफाइ गरिएको छ ।

सफाइमा कोषका सदस्यसचिव तीर्थ श्रेष्ठ, कोषाध्यक्ष मीनाकुमारी श्रेष्ठलगायत कोष सञ्चालक परिषद् सदस्यहरू, कोषका कर्मचारी, स्थानीय सङ्घ संस्थालगायत स्थानीयवासीको पनि सक्रिय सहभागिता रहेको पनि उहाँले सुनाउनुभयो । यो वर्ष साउन महिनामा चार वटा सोमबार परेको छ । पहिलो सोमबार साउन ४ गते सम्पन्न भइसकेको छ । यसैगरी, साउनको ११, १८ र २५ गते पनि सोमबार परेको छ । बाँकी तीन वटै सोमबार भक्तजनलाई सहज रूपमा पशुपतिनाथ मन्दिरभित्र पूजा, आराधना एवं दर्शन गराउने उद्देश्यले यो सफाइ गरिएको हो ।

# एक मान्ठ एक देवता पुस्तक लोकार्पण

काठमाडौं । शिवराज शाहीको कथासङ्ग्रह 'एक मान्ठ एक देवता' पुस्तक लोकार्पण गरिएको छ । बुकहिल प्रकाशनद्वारा शनिबार यहाँ आयोजित एक कार्यक्रमबीच सो पुस्तक लोकार्पण गरिएको हो ।

पूर्वमन्त्री माधव चौलागाईं, अभिनेत्री सुरक्षा पन्त, साहित्यकार नयनराज पाण्डे र कथाकार शाहीले संयुक्त रूपमा पुस्तकको लोकार्पण गर्नुभएको हो । पूर्वमन्त्री चौलागाईंले पुस्तकमा कर्णालीका कथा र वेदनालाई समेटिएको बताउनुभयो । अभिनेत्री सुरक्षा पन्तले ११ वटा कथा समेटिएको पुस्तकमा कर्णालीका विषय समेटिएको बताउँदै ११ वटै कथामा सिनेमा बनाउन सकिने बताउनुभयो । साहित्यकार नयनराज पाण्डेले नयाँ पुस्ताका लेखकका कृतिमा कर्णालीको विषयवस्तुलाई गहन ढङ्गले समेटिएको बताउनुभयो । लेखक शाहीले कर्णालीका आवाजलाई समावेश गरेर पुस्तक सार्वजनिक गरिएको बताउनुभयो ।

# चर्को आवाज निकाल्ने मोडिफाइड बाइकविरुद्ध ट्राफिक प्रहरीको कडाइ, एक हजार ३७१ चालक कारबाही

काठमाडौं । काठमाडौं उपत्यकामा चर्को आवाज निकाल्ने गरी मोटरसाइकलको स्वरूप परिवर्तन (मोडिफाइ) गरेर चलाउने चालकविरुद्ध ट्राफिक प्रहरीले विशेष अभियान सञ्चालन गर्दै एक हजार ३७१ जना चालकलाई कारबाही गरेको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार मोटर-साइकलको साइलेन्सर तथा अन्य संरचना परिवर्तन गरी अत्यधिक आवाज निकाल्ने, स्टन्ट गर्ने र मध्यरातसम्म सार्वजनिक सडकमा होहल्ला मच्चाउने चालकमाथि निगरानी बढाइएको हो ।

प्रवक्ता सुवेदीले यस्ता गतिविधिका कारण स्थानीय बासिन्दा, पैदलयात्री तथा अन्य सवारी चालकले लामो समयदेखि गुनासो गर्दै आएको जानकारी दिँदै चर्को आवाज निकाल्दै स्टन्ट गर्ने चालकलाई जरिवानासहित कानुनी कारबाही गरिएको बताउनुभयो ।

उहाँका अनुसार यस्ता मोडिफाइड मोटरसाइकलका कारण विशेषगरी साना बालबालिका तर्सिने, रातिको समयमा स्थानीयको शान्ति भङ्ग हुने तथा सडक सुरक्षामा प्रत्यक्ष असर पर्ने गरेको छ ।

ट्राफिक प्रहरीका अनुसार कतिपय अवस्थामा स्कुटर चलाइरहेका महिलाको छेउमै पुगेर चर्को आवाज निकाल्दै मोटरसाइकल कुदाउँदा उनीहरू आत्तिए दुर्घटनामा समेत पर्ने गरेका छन् । ट्राफिक प्रहरीले सार्वजनिक सडक सबैको साझा सम्पत्ति भएकाले व्यक्तिगत रमाइलो वा प्रदर्शनका नाममा अरूको सुरक्षा, शान्ति र स्वतन्त्रतामाथि हस्तक्षेप गर्न नपाइने स्पष्ट गरेको छ । सडकमा पैदलयात्रीदेखि विभिन्न किसिमका सवारीसाधन एकैसाथ सञ्चालन हुने भएकाले जिम्मेवार र अनुशासित रूपमा सवारी चलाउनुपर्नेमा कार्यालयले जोड दिएको छ । प्रवक्ता सुवेदीले ट्राफिक नियमको पालना गर्दै अनावश्यक रूपमा सवारीसाधनको स्वरूप परिवर्तन नगर्न, चर्को आवाज निकाल्ने उपकरण प्रयोग नगर्न तथा अन्य सवारी र पैदलयात्रीप्रति सम्मानजनक व्यवहार गर्न सबै चालकलाई आग्रह गर्नुभयो ।

आगामी दिनमा पनि यस्ता गतिविधिविरुद्ध निगरानी तथा कारबाही लाई थप प्रभावकारी बनाइने जनाएको ट्राफिक प्रहरीले जनाइएको छ । चर्को आवाज निकाल्ने, स्टन्ट गर्ने तथा सार्वजनिक शान्ति र सडक सुरक्षामा असर पुग्ने कुनै पनि गतिविधि सह्य नहुने भन्दै ट्राफिक प्रहरीले नियमविपरीत सवारी सञ्चालन गर्ने चालकलाई कानुनी दायरामा ल्याइने चेतावनी दिएको छ ।

# काठमाडौंको तारकेश्वरमा कारभित्र जलेको अवस्थामा महिलाको शव फेला

काठमाडौं । तारकेश्वर नगरपालिका-९ चुनदेवीमा कारभित्र जलेको अवस्थामा एक महिलाको शव फेला परेको छ । तारकेश्वर नगरपालिका-९ बस्ने ४५ वर्षीय रश्मि रिजालको शव जलेको अवस्थामा भेटिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दिलीप घिमिरेले राससलाई जानकारी दिनुभयो ।

रिजाल शुक्रबार कार्यालय जान्छु भनी घरबाट हिँडेको र कार्यालय नपुगी बेपत्ता भएको भन्दै परिवारका सदस्यले शुक्रबारै खोजीका लागि प्रहरीमा निवेदन दिएका थिए ।

निजको खोजी गर्दै जाँदा शनिबार कारको पछाडिको सिटमा जलेको अवस्थामा निजको शव फेला परेको उहाँले जानकारी दिनुभयो ।

कारको भित्री भाग अधिकांश जलेको र निस्सासिएर निजको मृत्यु भएको हुनसक्ने प्रहरीको अनुमान छ । घटनाका सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहेको छ ।

# कालीगण्डकी तटमा एक सय आठ तुलसी रोपण

गण्डकी । धार्मिक महत्व बोकेको कालीगण्डकी नदी तटको निरयघाटमा हरिशयनी एकादशीका अवसरमा आज बागलुङ नगरपालिका-४ स्थित निरयघाट लाई मानवसेवा धाम बनाउने उद्देश्यसहित १०८ तुलसी रोपण गरिएको छ ।

जिल्ला समन्वय समितिका प्रमुख अम्मरबहादुर थापा, बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठ, मानवसेवा आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारी लगायतको उपस्थितिमा तुलसी रोपण गरिएको हो । भक्तजन र शुभेच्छुकहरूबाट प्रतिमठ रु १० हजार ५०० सहयोग लिई तुलसी रोपण गरिएको मानवसेवा धाम विकास समितिका सचिव युक्तप्रसाद सुवेदीले बताउनुभयो । ऐतिहासिकस्थल निरयघाटलाई मानवसेवा धामका रूपमा विकास गर्न गुरुयोजना बनाएर काम सुरू गरिएको मानवसेवा आश्रमका अध्यक्ष अधिकारीले बताउनुभयो । बागलुङ नगरपालिका प्रमुख श्रेष्ठले निरयघाटलाई धार्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न नगरपालिकाले मानवसेवा आश्रमसँगको सहकार्यमा योजनाबद्ध रूपमा पर्यटन प्रवर्द्धनका काम अगाडि बढाएको बताउनुभयो ।

सोहीस्थानमा अहिले मानवसेवा आश्रमको भवन पनि निर्माणाधीन अवस्थामा रहेको छ । केही दशकअघिसम्म निरयघाटमा हरिबोधनी एकादशी पर्वमा ठूलो मेला लाग्ने गरेकामा अहिले उक्त मेला लोप भइसकेको छ । नगरपालिकासहित सरोकार भएका निकायको साझा प्रयासमा सो ठाउँको महिमालाई पुनःजागृत गर्न पहल अगाडि बढेको हो । निरयघाटमा लक्ष्मीनारायण, जङ्गेश्वर महादेव मन्दिर, विभिन्न आश्रम लगायत धार्मिक महत्वका स्थल छन् । हरिशयनी एकादशीमा तुलसी रोपण तय गरिएपछि निरयघाटमा बिहानैदेखि भक्तालुहरूको चहलपहल बढेको थियो । कालीगण्डकी स्नानका लागि पनि भक्तजन यहाँ जाने परम्परा छ । भजनकीर्तनसहित उल्लासमय वातावरण मा एकसाथ आठ सय मठमा तुलसी रोपण गरिएको थियो । हिन्दूधर्मअनुसार तुलसीलाई भगवान् विष्णुको प्रियस्वरूप तथा पवित्रताको प्रतीक मानिन्छ । घर आँगनदेखि मन्दिरसम्म तुलसी रोप्ने परम्पराले आध्यात्मिक शान्ति, धार्मिक आस्था र वातावरण संरक्षणको सन्देश दिने गरेको छ । हरिशयनी एकादशीदेखि चातुर्मास प्रारम्भ हुने भएकाले यस अवधिमा तुलसी रोपण, पूजाआराधना र संरक्षण गरेमा पुण्य प्राप्त हुने धार्मिक विश्वास रहिआएको छ ।

# डा केसीसँग वार्ता गर्न शिक्षा सचिव धनगढीमा

काठमाडौं । अनसनरत चिकित्सक डा गोविन्द केसीसँग वार्तामार्फत सहमतिपूर्ण समाधान खोज्ने उद्देश्यले सरकारको पहल जारी रहेको छ । सोही क्रममा शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुणामणि पौडेल शनिबार धनगढी पुग्नुभएको छ ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले डा केसीसँग वार्ताका लागि सचिव पौडेललाई धनगढी पठाएको जानकारी दिनुभयो । सचिव पौडेलले डा केसीसँग प्रत्यक्ष संवादगरी उहाँले उठाएका मागबारे छलफल गर्नुहुनेछ । यसअघि शिक्षामन्त्री पोखरेलले शुक्रबार साँझ डा केसीसँग टेलिफोनमार्फत प्रारम्भिक संवाद गर्नुभएको थियो । त्यसैको निरन्तरता स्वरूप सचिव पौडेललाई धनगढी पठाइएको जनाइएको छ । सरकारले संवाद र सहमतिका माध्यमबाट डा केसीले उठाएका विषयको यथाशीघ्र सम्मानजनक तथा सहमतिपूर्ण समाधान खोज्न प्रतिबद्ध रहेको जनाएको थियो ।

# वैभवीलाई चीनमा स्वर्णसहित दुई पदक

काठमाडौं । तेक्वान्दो खेलाडी वैभवी सापकोटाले हाइनान कप अन्तरराष्ट्रिय आमन्त्रण तेक्वान्दो प्रतियोगितामा नेपाललाई स्वर्णसहित दुई पदक दिलाएकी छिन् ।

चीनको हाइनान प्रदेशस्थित हाइकाउ सहरको तुनचाङ काउन्टी रङ्गशालामा भएको उक्त प्रतियोगितामा वैभवीले पुम्से विधामा स्वर्ण र क्योरुगी विधामा दोस्रो हुँदै रजत पदक जितेकी हुन् । उक्त प्रतियोगितामा दक्षिण कोरिया, फिलिपिन्स, इन्डोनेसिया, सिङ्गापुर, मलेसिया, बङ्गलादेश, थाइल्यान्ड, भियतनाम, हङकङ, पाकिस्तान लगायत देशका खेलाडीको सहभागिता रहेको थियो ।

अन्तिम चरणमा थाइल्यान्ड र चीनलाई पराजित गर्दै वैभवीले पुम्से विधामा स्वर्ण जितेकी हुन् । उता क्योरुगी विधाको निकै प्रतिस्पर्धात्मक खेलमा थाइल्यान्डसँग



अन्तिम चरणमा पराजित हुँदै वैभवी दोस्रो भइन् ।

# चितवनमा फैसला कार्यान्वयन प्रभावकारी हुँदै

चितवन । जिल्ला प्रहरी कार्यालय चितवनले अदालतको फैसला प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आएको छ । विगत तीन आर्थिक वर्षमा फैसला कार्यान्वयनको क्रममा फरार प्रतिवादी पक्राउ पर्नेको सङ्ख्या बढ्दै गएको छ ।

प्रहरीले अदालतको फैसला कार्यान्वयनका लागि गत आर्थिक वर्षमा ८७७ जना पक्राउ गरी जिल्ला अदालतमा पेस गरेको छ । पक्राउ परेकाबाट फैसला कार्यान्वयनका लागि १२२ वर्ष आठ महिना २० दिन कैद र रु छ करोड ७६ लाख ४७ हजार ६१९ जरिवाना असुल गरिएको कार्यालयका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार आर्थिक वर्ष २०८१/८२ मा फैसला कार्यान्वयनका लागि ५८३ जना पक्राउ गरिएको थियो । उनीहरूबाट १२७ वर्ष छ महिना तीन दिन कैद र रु दुई करोड ५८ लाख ७९ हजार ४१९ जरिवाना रकम असुल गरिएको थियो । यस्तै आर्थिक वर्ष २०८०/८१ मा ४५३ जनालाई पक्राउ गरी अदालतमा बुझाइएकामा १९६ वर्ष नौ महिना नौ दिन कैद र रु दुई करोड १४ लाख ९३ हजार ८५७ जरिवाना असुल गरिएको थियो ।

फैसला कार्यान्वयनका लागि सादा पोसाकमा प्रहरी परिचालन गरिएको उहाँले बताउनुभयो ।

## दूध अभावमा तीन महिनादेखि चितवन मिल्क बन्द

चितवन । दूधको अभाव भएपछि यहाँको चितवन मिल्क उद्योग तीन महिनादेखि बन्द छ । डेरी र सहकारीहरूले ल्याएको दूध प्रशोधन गरेर पाउडर र नौनी उत्पादन गर्दै आएको उद्योग दूध नआएपछि बन्द भएको हो ।

उद्योगले डेरी र सहकारीहरूले ल्याएको दूध निश्चित शुल्क लिएर प्रशोधन गर्दै आएको थियो । उद्योगका प्रबन्धक दुर्गा पराजुलीका अनुसार गत वर्षमा असार र साउनमा दूधको अभावमा बन्द हुने गरेको भए पनि यस वर्ष वैशाखबाट नै उद्योग बन्द भएको हो । उद्योगमा डेरी र सहकारीले राखेको नौनी र पाउडर दूध सकिने अवस्थामा पुगेको छ । नौनी खासै मौज्दात नभएको भन्दै उहाँले पाउडर दूध एक हजार बोरा बाँकी रहेको बताउनुभयो ।

विगत वर्षहरूमा यतिबेला ५०० टन नौनी र छ हजार बोरा हाराहारी पाउडर दूध मौज्दात हुने गर्दथ्यो । चितवन, मकवानपुर, नवलपरासी, रूपन्देहीलगायत जिल्लाबाट यहाँ दूध आउने गर्दछ ।

भरतपुर महानगरपालिका-१ ठिमुरामा उद्योग रहेको छ । विसं २०७५ देखि उद्योगले डेरी र सहकारीको दूध शुल्क लिएर प्रशोधन गर्ने काम गरिरहेको छ । प्रतिलिटर पाउडर दूधको रु ११३ र घ्यू (बटर) को प्रतिकिलो रु ५५ लिएर उद्योगले प्रशोधन गर्दै आएको छ । भदौबाट दूध आउने प्रतीक्षामा आफूहरू रहेको पराजुली बताउनुहुन्छ । उद्योगमा ३३ जना कर्मचारी छन् । विसं २०६४ मा स्थापना भएको सो उद्योग २०७२ सालमा आएको भूकम्पसँगै बन्द भएको थियो । बन्द हुनुअघि उद्योग आफैँले दूध खरिद गरेर प्रशोधन गरी बजारमा बिक्री गर्दै आएको प्रबन्धक पराजुलीले बताउनुभयो ।

जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ चितवनका अध्यक्ष किशोर बगालेका अनुसार भारतीय सीमा क्षेत्रबाट दूध



भारततर्फ गएकाले नेपालमा दूधको सञ्चिति नभएको हो ।

भारतमा अहिले दूधको अभाव छ । यहाँको दूधले बजार पाइरहेको छ । जसका कारण प्रशोधनका लागि दूध अभाव छ । किसानले राम्रो मूल्य पाएको उहाँले बताउनुभयो ।

## रूपन्देहीमा आर्थिक अपराध एवं घरेलु हिंसाका घटना उच्च

काठमाडौँ । रूपन्देहीमा सङ्गठित तथा आर्थिक अपराध एवं घरेलु हिंसाका घटना सबैभन्दा बढी हुने गरेको पाइएको छ । गत जेठ र असार महिनामा सबैभन्दा यीनै दुई विषयमा सबैभन्दा उजुरी परेको जिल्ला प्रहरी रूपन्देहीले जनाएको छ ।

गत जेठमा जिल्लामा ५९ वटा सङ्गठित तथा आर्थिक अपराधसम्बन्धी मुद्दा दर्ता भएको थियो भने असारमा सोही प्रकृतिका ५८ वटा मुद्दा दर्ता भएका थिए । गत असारमा नै रूपन्देही प्रहरीले नक्कली नेपाली नोट छाप्ने गिरोहमा संलग्न ६ जनालाई पक्राउ गरेको थियो । त्यसबेला एक भारतीय नागरिक र पाँच नेपाली नागरिकलाई पक्राउ गरेको थियो । उनीहरूको साथबाट एक हजार दरका नक्कली नेपाली नोट छाप्ने मेसिन तथा पाँच लाख ९२ हजार रूपैयाँ बराबरका नक्कली नोट बरामद गरिएको थियो ।

त्यसैगरी जिल्लामा महिला र जेष्ठ नागरिकतर्फका उजुरी पनि उल्लेख्य रहेको छ । जेठ महिनामा घरेलु हिंसा ९३ वाटा उजुरी परेको छ भने असारमा ९९ वटा उजुरी दर्ता भएको छ । छिमेकीसँगको झगडासम्बन्धी ठाडो उजुरी पनि उल्लेख रहेको छ । रूपन्देही प्रहरीक अनुसार जेठमा ७२ वटा त्यस्तो ठाडो उजुरी दर्ता भएकामा असारमा ६३ वटा ठाडो उजुरी दर्ता भएको थियो । जेठमा जम्मा १८२ वटा अपराध का घटना दर्ता भएका थिए भने असारमा १७६ वटा मुद्दा दर्ता भएका थिए ।

त्यसैगरी जेठमा सामाजिक अपराधका ५२ वटा दर्ता भएकामा असारमा त्यस्तो मुद्दा २१ वटा दर्ता भएको थियो । जिल्ला ज्यानसम्बन्धी उजुरी पनि अत्यधिक हुने गरेको छ । जेठमा २३ वटा ज्यानसम्बन्धी मुद्दा दर्ता भएकामा असारमा ३५ वटा मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ ।


# शहीद मेमोरियल अस्पताल धादिङ प्रा.लि.

नीलकण्ठ न.पा. -३, धादिङबेशी, धादिङ

**विशेषज्ञ चिकित्सक (मेसु) पदपूर्ति सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति २०८३/०४/१०)

प्रस्तुत विषयमा यस शहीद मेमोरियल अस्पताल धादिङ प्रा.लि., नीलकण्ठ न.पा.-३, धादिङबेशीका लागि तपसिल बमोजिम रिक्त पदमा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुवाट यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । तपशिलः

| विज्ञापन नं. | पद | तह | माग पद संख्या |
|---|---|---|---|
| ०१-२०८३/८४ | विशेषज्ञ चिकित्सक (मेसु) | नवौ तह | १ |

**आवश्यक न्यूनतम योग्यता**

१. नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट चिकित्साशास्त्रमा स्नातकोत्तर तह–एमडी/एमएस वा सोसरह उत्तीर्ण गरेको ।
२. नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ चिकित्सकका रूपमा अद्यावधिक दर्ता भएको ।
३. अस्पताल वा स्वास्थ्य संस्थामा चिकित्सकीय तथा व्यवस्थापकीय जिम्मेवारीमा काम गरेको अनुभव भएको ।
४. अस्पतालको नेतृत्व, जनशक्ति व्यवस्थापन, सेवा प्रवाह, प्रशासन तथा गुणस्तर सुधारसम्बन्धी क्षमता भएको ।
५. प्रचलित कानुनअनुसार नियुक्तिका लागि अयोग्य नभएको ।

**मुख्य जिम्मेवारी**

१. अस्पतालको सम्पूर्ण चिकित्सकीय, प्रशासनिक तथा व्यवस्थापकीय नेतृत्व गर्ने ।
२. अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी, सुरक्षित र सेवाग्राहीमैत्री बनाउने । २४ सै घण्टा (पूर्णकालीन) सेवा प्रदान गर्ने
३. चिकित्सक, स्वास्थ्यकर्मी तथा प्रशासनिक कर्मचारीको परिचालन, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने ।
४. अस्पतालका विभाग, शाखा तथा इकाइबीच प्रभावकारी समन्वय कायम गर्ने ।
५. अस्पतालको वार्षिक योजना, कार्यक्रम, बजेट तथा सेवा विस्तारको योजना तयार गरी कार्यान्वयन गर्ने ।
६. बिरामीको उपचार, आपत्कालीन सेवा, भर्ना सेवा, शल्यक्रिया तथा अन्य चिकित्सकीय सेवाको नियमित अनुगमन गर्ने ।
७. अस्पतालमा संक्रमण नियन्त्रण, औषधि व्यवस्थापन, मेडिकल रेकर्ड, उपकरण तथा भौतिक स्रोतको उचित व्यवस्थापन गर्ने ।
८. नेपाल सरकार, स्वास्थ्यसम्बन्धी निकाय, स्थानीय तह तथा अन्य सरोकारवाला संस्थासँग आवश्यक समन्वय गर्ने ।
९. अस्पताल सञ्चालक समिति वा व्यवस्थापन समितिले तोकेका अन्य जिम्मेवारी पूरा गर्ने ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजात :**

१. दरखास्त साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, आवेदन दस्तुर तिरेको रसिद, तोकिएको न्युनतम शैक्षिक योग्यता, चारित्रिक प्रमाण पत्र र अनुभवको प्रमाण पत्रको प्रतिलिपिहरु,पासपोर्ट साइजको फोटो ३ प्रति, बायोडाटा ।
२. उमेर : १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने ।
३. दरखास्त दस्तुर : रु. १०००।-
४. दरखास्त बुझाउने अन्तिम मिति : २०८३ साउन १६ गते कार्यालय समय भित्र । यदि उक्त दिन सार्वजनिक बिदा परेमा सो मितिको भोलीपल्ट सम्म हुनेछ ।
५. परीक्षाको किसिमः आवश्यकता बमोजिम लिखित, मौखिक र प्रयोगात्मक ।
६. सेवा र सुविधा : आपसी समझदारीमा अस्पताल संचालक समितिले तोके बमोजिम हुने ।
७. परीक्षाको मिति समय र परीक्षा केन्द्रः अस्पतालवाट सूचना प्रकाशित गरिनेछ ।
८. विस्तृत जानकारीको लागि : शहीद मेमोरियल अस्पताल धादिङ प्रा.लि.धादिङको कार्यालय, धादिङवेशी ।
९. यस वाहेक अन्य कुरा अस्पताल संचालक समिति तथा पदपूर्ति समितिले तोके बमोजिम हुनेछ ।
१०.थप जानकारीका लागि सम्पर्क : ०१०५२०२८३,९८४७६९८३७४,९८५१४५५६०० ईमेल : smadhading2063@gmail.com

नोट : शेयर सदस्य तथा स्थानियलाई विशेष ग्राहयता दिईने छ ।

कर्मचारी पदपुर्ति समिति


## वन तथा वातावरण मन्त्रालयको वार्षिक प्रगति ८२ प्रतिशत

बागमती । बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयले एक वर्षे समयावधिमा ८२ प्रतिशत प्रगति हासिल गरेको छ ।

मन्त्रालयले सार्वजनिक गरेको एकवर्षे समयवधिको प्रगति विवरण अनुसार यस अवधिमा चालु खर्चतर्फ ७३ प्रतिशत र पुँजीगत खर्चतर्फ ८६ प्रतिशत प्रगति भएको छ । यस अवधिमा प्रदेश वन ऐन र वातावरण संरक्षण विधेयक प्रदेशसभामा पुगेको मन्त्रालयले जनाएको छ ।

नवप्रवर्द्धन, अनुसन्धान तथा विशेष अभियानअन्तर्गत हरेक जिल्लाः एक टिमुर बगैँचा, एक फलफूल वन अभियान सञ्चालन गरिएको छ । एक किसानः पाँच बोधिचित्त, पाँच रुद्राक्ष अभियान, सुनाखरी उद्यान स्थापना आदि गरिएको जनाइएको छ ।

हरित अर्थतन्त्र, उद्यम तथा रोजगारीअन्तर्गत वनजन्य उद्यम (जडीबुटी, सिताके च्याउन, दुनाटपरी, मिनरल वाटर, पर्यापर्यटन) प्रवर्द्धन, राजमार्ग आसापास हरित उद्यम विकास, निजी तथा कबुलियती वन प्रवर्द्धन, बाँस अलैँचीलगायत बहुउपयोगी प्रजातिको विस्तार जस्ता कार्यक्रमअघि बढाइएको मन्त्रालयको वार्षिक प्रगति विवरणमा उल्लेख छ ।

## कैलालीमा चार लाख ७४ हजार भन्दा बढी मूल्यका सामान बरामद

सुदूरपश्चिम । कैलालीमा भारतबाट भन्सार छली गरी ल्याइएका रु चार लाख ७४ हजार ८०० बराबरका विभिन्न मालसामान बरामद गरिएको छ । जिल्ला प्रहरी कार्यालय कैलालीका अनुसार शनिबार दिउँसो धनगढी उपमहानगरपालिका-१२ कम्पनी टोल र वडा नं १ बङ्गाकटान क्षेत्रमा छुट्टाछुट्टै प्रहरी टोलीले बेवारिसे अवस्थामा रहेका सामान बरामद गरेको हो ।

भारतबाट भन्सार छली गरी ल्याइएको सामान से १ ह २४२९ नम्बरको पेट्रोल अटोमा बेवारिसे अवस्थामा कम्पनी टोल क्षेत्रमा फेला परेको थियो । उक्त अटोसहित रु चार लाख ५० हजार ३०० बराबरका सामान बरामद गरिएको प्रहरीले जनाएको छ । बरामद सामानमा सुर्ती १२० प्याकेट, बिडी ७४ प्याकेट, गुट्खा ३० प्याकेट, प्लास्टिक फिल्मी २८ प्याकेटलगायत रहेका छन् । धनगढी-१ बङ्गाकटान क्षेत्रमा अर्को प्रहरी टोलीले रु २४ हजार ५०० बराबरका भन्सार छलीका सामान बेवारिसे अवस्थामा फेला पारेको छ । त्यहाँबाट गुट्खा नौ प्याकेट, कफी तीन प्याकेट, मसला पाँच प्याकेट, सुपर पावर सुर्ती ४७ प्याकेट, दुना-टपरीका प्लास्टिक ४०० दर्जन र चिनी २० किलो बरामद गरिएको प्रहरीले जनाएको छ । दुवै स्थानबाट बरामद गरिएका अटो र सामान आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा पठाइएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com